# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
# उन्नाईसौं बैठक

आज मिति २०७५।०३।०५ गते मंगलवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको उन्नाइंसौं बैठक नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री विनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिंहथारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ बजगाइं, वडाध्यक्ष- १६

श्री नवराजबहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण वहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर वहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवीचौधरी, कार्यपालिका सदस्य

श्री सुभद्राल्यौपाने, कार्यपालिका सदस्य

श्री कमलचौधरी, कार्यपालिका सदस्य

श्री शिव कुमार कार्की – सचिव

<u>अन्य उपस्थिती</u>

श्री नागेन्द्र प्र. चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री रबिन्द्र गन्दार लामा, प्रा.अ.

श्री राम नरश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाइंवा,ना.सु.

१. कार्यप्रगति प्रतिवेदन सम्वन्धमा ।

२. ऐन, नियमावली र कार्यविधि सम्वन्धमा ।

३. दोस्रो नगरसभाको नीति कार्यक्रम र वजेट सम्वन्धमा ।

४. विविध ।

निर्णयहरु:

निर्णय नम्वर (१): प्रस्ताव नम्बर १ सम्वन्धमा छलफल गर्दा नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिव कुमार कार्कीवाट उपमहानगरका समग्र गतिविधी, प्रशासनीक काम तथा योजना सञ्चालनको हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नम्वर (२): प्रस्ताव नम्बर २ सम्वन्धमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो:

अ) तपसिल बमोजिमका नियमावली तथा कार्यविधिहरु दफावार छलफल गरी पारित गरियो:

(क) नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७५
(ख) नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७५
(ग) वैठक सञ्चालन कार्यविधि, २०७५
(घ) स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७५
(ङ) विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५
(च) 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७५

आ) तपसिल बमोजिमको विधेयक तथा कार्यविधि दफावार छलफल गरी पारित गरियो र आगामी नगरसभामा छलफलका लागि प्रस्तुत गर्ने निर्णय गरियो:

(क) विनियोजन विधेयक-२०७५
(ख) आर्थिक विधेयक-२०७५
(ग) सहकारी विधेयक-२०७५
(घ) एफ.एम. रेडियो व्यवस्थापन तथा सञ्चालन विधेयक-२०७५
(ङ) केही कानून तर्जुमा र व्यवस्थापन गर्न वनेको विधेयक-२०७५
(च) स्वास्थ्य विधेयक-२०७५
(छ) प्रशासनिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको विधेयक-२०७५
(ज) शिक्षा विधेयक-२०७५
(झ) भूमि व्यवस्थापन विधेयक- २०७५
(ञ) न्यायिक समितिको कार्यविधि विधेयक- २०७५
(ट) जनप्रतिनिधि एवम् कर्मचारी आचारसंहिता- २०७५
(ठ) आर्थिक गतिविधि व्यवस्थापन विधेयक- २०७५
(ड) नगरसभा सञ्चालन कार्यविधि- २०७५

निर्णय नं. ३: प्रस्ताव नं. ३ को छलफलमा मिति २०७५।०३।१० गते आयोजना हुने दोस्रो नगरसभामा प्रस्तुत हुने आगामी आ. व. २०७५।०७६ को नीति तथा कार्यक्रम र वार्षिक वजेट उपर सामान्य छलफल गरियो र आगामी वैठकमा पुन: छलफल गर्ने निर्णय गरियो ।

निर्णय न ४ को विविधमा:

क) सिमरास्थित खानेपानी ट्यांकी एरियामा जडान गरिरहेको सिसी टिभी क्यामरा जडानका लागि उपमहानगरपालिकाको तर्फबाट रु. १,५०,०००।०० एक लाख पचास हजार रुपैया प्रदान गर्ने निर्णय गरियो ।

ख) वडा नं ६ को कार्यालयको भाडा २०७४ कार्तिकदेखि मासिक रु. ६,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

ग) वडा नं. १९ को स्वास्थ्यचौकी र आधारभूत प्राविमा १-१ थान खानेपानी धारा जडान खर्च उपलब्ध गराउने निर्णय गरियो ।